ॐ

नमः शिवाय

स्कन्दपुराणान्तरगत हिमवत्खण्ड परिशिष्ट

अध्याय ७

आदिप्रयाग-हरिहरक्षेत्र

देवघाट-माहात्म्य

श्रीगणेशाय नमः।

श्रीभगवच्छर्मोवाच

श्रुत्वा गोनिष्क्रमस्येदं माहात्म्यं सुर वल्लभम् ॥
सञ्जाता गण्डकी भक्तिः प्रसादात्तव पापहा ॥१॥

श्रीभगवत्शर्मा, श्रीकाशीरामजी संग सोध्नु हुन्छ। यो देवताहरूको अत्यन्त प्यारो, देवनदी-(सप्तगण्डकी) हरूको क्रमशः पापनाशक माहात्म्य तपाईंका मुखबाट सुनेर कृष्णा र त्रिशूली गण्डकी संगमको माहात्म्य फेरी सुन्न श्रध्दापूर्वक भक्ति उत्पन्न भयो।

माहात्म्यं गण्डकीनद्योः संङ्गमस्य धरामर।
धरावराह-सम्वादे यथोक्तं तत्त्वतो वद ॥२॥

हे धरामर! कृष्णगण्डकी र त्रिशूली गण्डकीको संगम भएको माहात्म्य जसमा वराहभगवान्को र पृथ्वीको संवाद भएकोछ, सो यथार्थ तत्त्वपूर्वक आज्ञाहोस्।

किन्नाम तत्र के देवा : किं विशिष्टं कथं शुभम्।
बूहि ब्रह्मन् वराहोक्तं पुराणं ब्रह्मसम्मितम्॥३॥

हे ब्रह्मन् काशीरामजी! तीनको के नामहो, त्यहाँ कुन२ देवता रहन्छन्, त्यसमा के विशेषताछ र कसरी शुभ भयो, भगवान् ब्रह्माजीको सम्मति भएको पुराण, जो वराह भगवान्जीले धरा–पृथ्वीलाई सुनाउनुभयो, कृपया मलाई आज्ञागर्नुहोस्।

श्रीकाशीराम उवाच

शृणु ब्रह्मन् वराहोक्तं गण्डकीसंगमस्य वै।
यथाबुद्धि प्रवक्ष्यामि माहात्म्यं धरया श्रुतम्॥४॥

श्रीकाशीराम–भगवत्शर्मालाई भन्नुहुन्छ– हे भगवत्शर्मा! सुन्नुहोस्–भगवान् वराहजीले पृथ्वीलाई त्रिशूली र कृष्णा-- (नारायणी) गण्डकी संगमको जुन् माहात्म्य सुनाउनुभयो। सो पृथ्वीले सुनेको यथामति म भन्दछु।

धरण्युवाच

अहो वै गण्डकीनद्या माहात्म्यं देवदुर्लभम्।
श्रुत्वा तव मुखाम्भोजादभ्यन्तरगतं मनः॥५॥

पृथ्वी भन्दछिन्, अहो! सांच्चैनै ज्यादै खुशीको कुरा छ कि देवताहरूले पनि पाउन कठीन सप्तगण्डकीहरूको माहात्म्य हजुरका मुखकमलबाट सुन्दा मेरोमन अन्तरमुख

भयो, अर्थात् एकाग्रचित्त भयो ।

नष्टश्च बाह्यावयवं पावितं च तदम्बुभिः ।
शालग्रामसमायोगाद्भवाब्धौ मुक्तिदा विभो ॥६॥

हे प्रभो! शालिग्रामले सहित नारायणी गंगाजीका जलले बाहिर शरीरका अंगको मल नाशिकन फेरी अन्तः करण (चित्त) शुद्ध गरेर भवसागरमा डुवेका पुरुषहरूलाई मुक्ति गर्ने रहेछ ।

माहात्म्यं गण्डकीनद्योः सङ्गमस्य वद प्रभो ।
किन्नाम तत्र के देवाः किं विशिष्टं कदा भवेत् ॥७॥

हे प्रभो! गण्डकी नदीहरूको संगम र माहात्म्य कहिले भएको हो । तीनको के नामहो । त्यहाँकुन २ देवताहरू बस्तछन् । त्यसमा के विशेषता छ । यो कुरा कृपापूर्वक मलाई आज्ञाहोस् ।

श्रीवराह उवाच

शृणु भद्रे प्रवक्ष्यामि क्षेत्रं गुह्यं परं मम ।
सम्भेदो देवनद्योस्तु समस्तसुरवल्लभम् ॥८॥

श्रीवराह भगवान् आज्ञागर्नू हुन्छ । हे भद्रे ! पृथ्वि ! मेरो परम गुह्य क्षेत्र, सम्पूर्ण देवताहरूको प्यारो देवनदी, कृष्णा र त्रिशूली गण्डकीको संगम भएको कुरा भन्दछु सुन । [माघे (मकर) संक्रान्तिका दिन संगम भएकाले त्यसै

परमोत्तम दिनमा दुवै गण्डकी संगम–दर्शनकानिमित्त ब्रह्मादि देवताहरू आए]।

दिवावतीर्य तिष्ठन्ति तत्र ब्रह्मादयो धरे !।
सगणास्ते विमानस्थाः साङ्गोपाङ्गाः सपत्निकाः।९।

हे धरे! त्येसै परमोत्तम दिनमा त्यस संगममा ब्रह्मा, इन्द्र आदि सम्पूर्ण देवताहरू आफ्ना गण तथा अङ्ग उपाङ्ग पत्नीहरूले समेत भै विमानमा वसेर स्वर्गदेखि आएर रहंदा भए।

कुमाराः सगणा रुद्राः सप्तब्रह्मर्षयोऽमलाः।
धर्मो दक्षो नारदश्च कर्दमः प्रणवोऽपिच ॥१०॥
इन्द्रोपेन्द्रौ सदिक्पालौ सिद्धाश्च कपिलादयः।
पितरो वसवो विश्वे–मरुतो मातरस्तथा ॥११॥
गन्धर्वाप्सरसो विद्या–धर–गुह्यक–किन्नराः।
यक्षरक्षः पिशाचाश्च योगिनीभैरवादयः॥ १२॥
गणका भूतवेताला दैत्यदानवसैंहिकाः।
ऋषयो मुनयो वैद्याः सर्वाश्च धेनवो धरे ॥१३॥
ध्रुवादितारकाः सर्वे भास्करादिग्रहास्तथा।
सर्वेशेषादयोनागा दैत्याः प्रह्लादकादयः॥१४॥
आगच्छन्ति मम क्षेत्रे सप्तपातालवासिनः।
आग्नीध्रप्रमुखाः सर्वे सप्तद्वीपनिवासिनः॥१५॥

सनत्कुमारहरू तथा गणहरूले सहित एकादश रुद्र औ अन्त करण निर्मल भएका सप्तऋषिहरू र धर्म, दक्षप्रजापति, देवर्षि नारद, कर्दम ऋषि तथा ॐ कार, इन्द्र, उपेन्द्र (वामन), अष्टदिक्पाल, कपिल आदि सिद्धमुनिहरू र अर्यमा आदि पितृ, अष्टवसु, विश्वदेव, मरुद्गण, तथा अष्टमातृका, गन्धर्व, अप्सरा, विद्याधर, गुह्यक, किन्नरगण, यक्ष, रक्षक, (कुवेर) आदि र पिशाच, औ योगिनी र अष्ट भैरवहरू। हे धरे पृथ्वि! भूत, वेताल दैत्य, दानव, सिंहिकागण तथा ऋषिमुनि, धन्वन्तरी वैद्य र अश्विनीकुमार, कामधेनु आदि गाई पनि ध्रुव आदि तारागण स्यस्तै प्रकारले भास्कर (सूर्य) आदि नवग्रह, शेष आदि सम्पूर्ण नागहरू र प्रह्लाद आदि दैत्यहरू सप्तपातालवासी र सप्तद्वीपवासी आग्नीध्र प्रमुख ऋषभदेवपुत्र नवयोगीहरू र भरत आदि राजाहरू पनि जो जतिछन् ती सबै यो मेरो प्यारो देवघाट हरिहर क्षेत्रमा आउँदछन्।

त्रैलोक्ये यानि तीर्थानि यानि तीर्थानि भारते।
आत्मनःशुद्धिमिच्छन्ति सदागच्छन्ति पर्वसु॥१६॥

तीनलोक, स्वर्ग, मर्त्य, पातालहरूमा र भारतमा जति तीर्थहरू छन् ती सबै चित्त-शुद्धिको इच्छाले संधै

पर्वपर्वमा यस देवघाट तीर्थमा आउँछन् ।

समायानं हि देवानां भवतीत्थं धरे ध्रुवम् ।
देवघट्टमिति क्षेत्रं प्रसिद्धञ्च धरे तथा ॥१७॥

हे धरे! सत्य वचन हो, यसरी देवताहरूको आगमन भैरहनाले यो क्षेत्र देवघाट नामले प्रसिद्ध पनि छ ।

नैपालं शङ्करक्षेत्रं ... समस्तसुखवल्लभम् ।
ततस्तीर्थविशेषाणि समायान्ति महान्ति च॥१८॥

सबै प्राणीहरूलाई सुखदिने नेपाल श्रीपशुपतिनाथको प्यारो क्षेत्र हो। त्यहांबाट पनि ठूला २ बिशेष तीर्थहरू यस देवघाटमा आउँछन् [त्यसैले यो देवघाट अरू तीर्थहरू भन्दा महान् ठूलो तीर्थ मानिन्छ]।

महादेवजटाजूटान्नीलकण्ठाच्छिवालयात् ।
नैपालजाततीर्थञ्च मिलिता सा महानदी ॥१९॥
आयाति शूलगङ्गेति देवानामपि दुर्लभा ।
पारकोटं महाक्षेत्रं देवानां गुप्तमाश्रमम् ॥२०॥
तत्र जातमहातीर्थैर्मिलिता शुक्लगण्डकी ।
शुक्ला च शूलगङ्गा च सम्भूय पश्चादस्रम् ॥२१॥

श्रीनीलकण्ठ-जटाजूट र महादेवको शिवालय-(गोसाईं

कुण्ड) बाट निक्लेका वेत्रवती आदि नदीहरू र नेपाल-मा उत्पन्न भएका तीर्थहरू यी सबै मिलिकन ती महानदी देवताहरूलाई पनि अत्यन्त दुर्लभ, त्रिशूली नामले विख्यात भएर आयकी छन्। त्रिशूली गण्डकीका नजीकै देवताहरूको गुप्त आश्रम भएको पारकोट (पुर्कोट) नाम महाक्षेत्र छ। त्यसै पारकोटको आसपासबाट उत्पन्न भएका तीर्थ-(नदी) हरू गएर शुक्लागण्डकीमा मिलेका छन्। अनि शुक्लागण्डको र त्रिशूली गण्डकीको परमा-दरणीय ठूलो संगम हुँदोभयो।

हिमालयो नगाधीशो देवानां परमाश्रयः।
तच्छृंगो मत्स्यशृङ्गाख्यो वैकुण्ठसदृशो ध्रुवम्॥

देवताहरूको ठूलो आश्रय पर्वतहरूको राजा हिमाल-यपर्वत हो। त्यसकै शिखर-(चुचुरो) को नाम मत्स्यशृङ्ग हो र माच्छा पुछरे भन्ने नामले प्रसिद्ध छ। त्यो शिखर सांच्चै नै वैकुण्ठ जस्तो छ। २२॥

तत्रस्थौ परमौ देवौ नरनारयणाभिधौ।
तयोरेकः श्यामलाङ्गस्तद्गण्डस्वेदजा नदी॥२३॥

त्यही मत्स्यशृङ्ग पर्वतमा नर–नारायण नामका दुई ठूला देवता रहन्छन्। ती दुई देवतामा यौटाको श्याम रंगको शरीर छ अर्थात् नारायणको शरीर कालो छ,

तिनैको गण्डस्थान-(गाला) बाट निस्केको पसीनाकी नदी-

सैव कृष्णागण्डकीति ब्रह्मणोऽप्यतिदुर्लभा।
मुक्तिक्षेत्रादिकैस्तीर्थैः समेता कृष्णगण्डकी॥२४॥

तिनै कृष्णागण्डकी (नारायणी) हुन् जो ब्रह्माको पनि अति दुर्लभ छन् र मुक्तिक्षेत्र आदि तीर्थका नदीहरू समेत तीनै कृष्णागण्डकीमा मिलेर कृष्णागण्डकी नामले प्रख्यात छन्।

सङ्गमोऽत्र मम क्षेत्र एतासां सरितां धरे।
वशिष्ठोऽपि महाबुद्धिश्चकार परमं तपः॥२५॥

हे धरणि! यतिका नदीहरूको संगम भएको मेरो यो देवघाट क्षेत्रमा महाबुद्धिमान् वशिष्ठ ऋषिले ठूलो तपस्या गर्दा भए। (अतः वशिष्ठगुफा पनि देवघाटमा छ)।

शताश्वमेधयागाश्च महादानान्यनेकशः।
महाधिभवचिस्तारैः श्राद्धञ्च पर्वपर्वसु॥२६॥

पर्व पर्वमा धेरै धनलगायर सयौं अश्वमेध यज्ञ हुन्छ र ती यज्ञहरूमा अनेकौं महादानहरू गरिकन फेरि पितृका निमित्त श्राद्ध पनि गरिन्छ।

ततो ब्रह्मसुताः सर्वे मनवो देवदानवाः ।
खेचरा भूचराः सप्तपातालस्थाश्चराचराः ॥२७॥

त्यस पछि ब्रह्माजीका छोरा देवता दानव र मनु स्वर्गवासी औ सप्तपातालवासी खेचर (आकासमा चल्ने)र भूचर (पृथ्वीमा चल्ने) सबै चराचर प्राणीहरू आए।

महाविस्तारविभवैश्चक्रुर्यागादिकाः क्रियाः ।
मम क्षेत्रे महादेवि मद्दर्शनसमुत्सुकाः ॥२८॥

हे महादेवि ! यो मेरो क्षेत्रमा मेरो दर्शन गर्ने कौतुक भएका यी सबै देवदानव चराचरहरूले धेरै धन लगाएर विस्तार पूर्वक महायज्ञ आदि कर्महरू गर्दा भए ।

सकलोऽहं कलातीतस्तेषां मध्ये सहस्रधा।
प्रत्यक्षमभवं तांस्तु वरान्ब्रूतेति चाब्रुवम् ॥२९॥

ती करोडौं देवताहरूका बीच (मध्ये) सकल-कलातीत म परमेश्वर प्रत्यक्ष भएं र ती देवताहरूलाई "वर माग" यस्तो वचन बोलें ।

ततो मत्तेजसा सर्वे परिम्लानपराक्रमाः ।
विचित्राश्चित्रिता प्राप्ताः प्रणेमुर्मां मदीक्षणात् ॥३०

अति अत्यन्तै पराक्रमशाली ती सम्पूर्ण देवताहरू मेरा तेजले मलीन (निस्तेजी) देखिए र रंग–विरंगका तस्वीर झैं हुँदाभए र ती निस्तेज भएका देवतालाई मैले हेरि-

दिनाले तिनले मलाई दण्डवत् प्रणाम गर्दा भए ।

नानाननिमित्तेभ्यो जातैकवृत्तरूपया ।
नुनुर्नानारूपाणि वाण्या मे गौरवार्थया ॥३१॥

अनेक प्रकारका मुख भएका देवताहरूका निमित्त एकै वृत्तिरूप अर्थात् यौटै स्वरूप भएको म परमात्माको ती देवताहरूले मेरो गौरव–अर्थ–युक्त वाणीले अनेक अवतार स्वरूपको नमस्कार र स्तुति गर्न लागे ।

खड्गः पञ्चपदश्चतुर्वलयितश्चिष्टो द्विकूलामलो
लोके चैकतरः सुराधिपभवो मित्रं सतां क्षामदः ।
अष्टाशीतिसखो विपक्षदमनः संग्रामसिद्धिप्रदो
विभ्राड्वस्तुषु लिङ्गमानसमितो दिव्यः सदा नोऽवतात् ॥

४००० चारहजार धनुको क्षेत्रफलले युक्त याने ८८ अठाशी योजन विस्तार भएको तीन विष्टप माथि रहेको, द्विसंध्या दिनरात्रिरूप द्विनदीको तीरमा रहि पावन अमृत जलले सदासर्वदा पवित्र भएको, एक गोपुच्छाकार स्वयं महेन्द्रले स्थापन गरिएको, सज्जनहरूका हितकारी इच्छानुरूप भक्तलाई फल दिने, अठाशी धनुको विस्तार भएको अर्थात् ज्यादै अग्लो भएको हुनाले र प्रभावशाली, विपक्षीहरूको अर्थात् गरुडको पक्षको वेगलाई पनि दमन

गर्ने, लिङ्गस्वरूप विराट् मानसकोश सम्म गति भएको र संग्राम अर्थात् देवदानव–भावको संग्राममा देवभावको विजय गर्न सिद्धि दिने दिव्यस्वरूपले हाम्रो सदा रक्षा गरुन्। अथवा–

आकाशबाट उत्पन्न भएर अर्थात् मानस आकाशबाट चिदाकाश सम्म व्याप्त भएर रहेको, पञ्चपद पञ्चतन्मात्रा पञ्चमहाभूत पञ्चज्ञानेन्द्रियले युक्त चतुर्थ अवस्था तुरीय सम्मको अवस्थामा रहने, त्रिकालको नित्य विराजमान प्रकाश, विमर्शको बीचमा रही द्वापरको आगे सत्य-(कृत) युगरूप हुनाले सदा निर्मल प्रकाशवान् भएको, अयोध्या र मिथिलाको सीमा मध्ये अर्थात् शिवशक्तिस्वरूप सदसत्-को विवेकले सदा निर्मल रहेको, एकमात्र निर्णायक दण्डस्वरूप भएको र अठाशी हजार ऋषिमुनिहरूको ज्ञानचर्चामा सहायक भएको र रावण आदि राक्षस दानवहरूको नाश गर्न सहायक दैवासुरसंग्राम अर्थात् दैवी सम्पति र आसुरी सम्पतिको द्वन्द्व-संग्राममा दैवी सम्पतिको विजय दिन सिद्ध भएको दिव्य धाम अर्थात् देवघट्ट(देवघाट) देवताहरूको वासस्थानले सदा हाम्रो रक्षा गरोस्।

इत्थं मद्दर्शनं लब्ध्वा नत्वा स्तुत्वाप्सजादयः।
वरं च वरयामासुर्यत्तु सिद्धयष्टकं धरे ॥३३॥

हे धरे! यस्ताप्रकारले देवताहरूले मेरो दर्शन पाए र नमस्कार र स्तुति पनि गरे पछि अष्टसिद्धिहरूको वरदान पनि माग्दा भए।

लोकोत्पत्तिश्च तद्रक्षा प्रलयं च पृथक् पृथक्।
यथाधिकारिलोकेषु यथा येन शुभाशुभम्॥३४॥

भिन्न भिन्न (बेग्ला बेग्लै) लोकहरूको सृष्टि र तीनको रक्षा (पालन) औ प्रलय लोकहरूमा जस्को जस्तो किसिमको शुभ, अशुभ जसद्वारा हुनुपर्ने अधिकार छ -

त्वैरेवाङ्गीकृतं भद्रे त्रैलोक्यस्थैर्यमाज्ञया।
पुनर्मात्मूचुरेवं ते देवा लोकहिताय वै॥३५॥

हे भद्रे! ती तीनलोकमा रहेका शुभाशुभ अधिकार मेरा आज्ञाले ती सबै देवताहरूले स्वीकार गरे पछि फेरि ती देवताहरूले लोककल्याणका निति मलाई यस्तो निवेदन गरे।

अत्र यागान्यनन्तानि व्रतानि जगतां विभो।
अतः प्रयागसंज्ञश्च ततो भवति तत्सदा॥३६॥

हे जगत् प्रभो! यो देवघाटमा अनन्त यज्ञयागादि र व्रतहरू भैं रहने भएकाले यसको नाम सदा प्रयाग भन्ने रहोस्।

सान्निध्यं कुरु क्षेत्रेऽस्मिन् सर्वदा वरदो भव ।
वयमप्यत्रतिष्ठामस्त्वत्पदाम्बुसुधोत्सुकाः॥७३

हे वरद ! यदि हामीहरूप्रति प्रसन्न हुनुहुन्छ भने यही वरदान कृपा गर्नुहोस् कि सदा सर्वदा यसै देवघाट हरिहरक्षेत्र-[जो हजुरको क्षेत्र]मा हजुरकै समीपमा हामी वस्न पाउँ । आपनै नजीक गराउनु होस् किन कि हजुरका चरणकमलामृत गण्डकी-जलपान गरिकन हामी सबै यहीं रहन उत्साह गर्दछौं ।

तेषां तद्वचनं श्रुत्वा भक्तवात्सल्यतो धरे ।
तदोक्तं तान्मया सम्यक् शृणु लोकहितं वचः॥७४

हे पृथ्वि ! ती देवताहरूको त्यो नम्रनिवेदनमय वचनलाई सुनेर भक्तवात्सल्यले अर्थात् भक्तप्रेमले मैले ती देवताहरूलाई त्यस समयमा लोककल्याण भएको जो वचन बोलें त्यो एकाग्रले सुन ॥

श्रीविष्णुरुवाच

संभेदे गण्डकीमध्योस्तिष्ठामि प्राङ्मुखः सदा ।
शिवः प्रत्यङ्मुखो भूत्वा रक्षायै तिष्ठति सुराः॥७५

श्रीभगवान् विष्णु देवताहरूलाई आज्ञा गर्नु हुन्छ । देवताहो ! म सधैं कृष्णा र त्रिशूली गन्डकीको संगममा पूर्वमुखले रहन्छु अर्थात् कृष्णागण्डकी रूपले पूर्वमुखे

भएर वग्दछु । तथा श्रीशिवजो त्रिशूली गण्डकीको रूपमा पश्चिम मुखगरिकन सबैको रक्षाका निमित्त रहनुहुन्छ (वग्नुहुन्छ)।

अतो हरिहरक्षेत्रमुच्यते लोकविश्रुतम् ।
दर्शनात्पर्शनात्स्नानाल्लभ्यते वाञ्छितं फलम्॥४०

त्यसैले यो देवघाट लोकमा प्रसिद्ध हरिहरक्षेत्र भनिकन कहिनेछ । जसको दर्शन स्पर्शन र स्नान गर्नाले इच्छा अनुसारको फल पाइनेछ ।

दृष्ट्वा जन्मशतं पापं पीत्वा जन्मशतोद्भवम् ।
स्नात्वा जन्मशतं पापं गण्डकी हरते सदा ॥४१॥

यस कृष्णा–त्रिशूली–संगमको दर्शनले सयजन्मको पाप, पीनको जल पिउनाले सयकरोड जन्मदेखि उत्पन्न भएको पाप, यिनमा स्नान गर्नाले सय जन्म देखि गरिएका पापहरू सर्वदा गण्डकी हरण गर्दछिन् ।

मत्क्षेत्रे देवघट्टेऽस्मिन् यः स्नायात्पापकुन्नरः
ब्रह्महत्यादिकैः पापैर्मुच्यते नात्र संशयः॥४२॥

जस्तो किसिमको पापी मनुष्य पनि यो मेरो देवघाट हरिहरक्षेत्रमा स्नान गर्छ भने त्यसका ठूला २ ब्रह्म-हत्या आदि पाप पनि सम्पूर्ण छुट्तछन् । यस विषयमा शंका छैन।

प्रयागेऽस्मिन् मम क्षेत्रे यः स्नायात् पापवर्जितः।
अश्वमेध–फलं भुक्त्वा वैकुण्ठे स वसेच्चिरः॥४३॥

मेरो यो आदि–प्रयाग–क्षेत्रमा जो मनुष्य स्नान गर्दछ त्यो पापदेखि रहित भएको मनुष्य अश्वमेध यज्ञ गरेको फल भोगेर वैकुण्ठमा गएर वस्तछ। केवल स्नान गर्नाले मात्रै पनि अश्वमेधको फल पाइने रहेछ भने त्यहां यज्ञादि कर्म र दान आदि कर्म गरेमा ता अवश्य नै अपवर्गको फल पाइने रहेछ।

मत्क्षेत्रे यो नरः स्नात्वा कुर्यादेवार्चनं सुधीः।
राजसूयफलं भुक्त्वा देवलोके महीयते॥४४॥

जो बुद्धिमानी मनुष्य यो मेरो देवघाट हरिहर-क्षेत्रमा स्नान गरिकन देवताको पूजा गर्दछ भने त्यस मनुष्य राजसूय यज्ञ गरेको फल भोगेर देवलोक-(स्वर्ग) मा गई देवता भएर वस्तछ।

मम क्षेत्रे नरः स्नात्वा विधिवच्छ्राद्धमाचरेत्।
पितॄनुद्धृत्य नरकाद्वैकुण्ठं नयते ध्रुवम्॥४५॥

जो मनुष्य मेरो यस हरिहर क्षेत्र देवघाटमा स्नान गरिकन शास्त्रोक्त–विधि–पूर्वक पितृहरूको श्राद्ध गर्दछ भने नरकबाट पितृहरूलाई झिकेर वैकुण्ठमा लैजान्छ, यो कुरा सत्यछ।

मत्क्षेत्रे माषमात्रं च हेमं वेदविदे नरः।
दद्याद्धेमगिरौ क्षेत्रमन्दिरे तिष्ठति ध्रुवम् ४६॥

जो मनुष्य वेद जान्ने पुरुष (ब्राह्मण) एकमा मात्रै पनि सुवर्ण (सुन) मेरो यो हरिहरक्षेत्र देवघाटमा दान दिन्छ भने, त्यो मनुष्य सुवर्णको पर्वतमा सुवर्णले बनेको मन्दिरमा वस्तछ यो कुरा सत्यहो।

गां दद्याद्यो मम क्षेत्रे विधिवद्वेदवादिने।
स्थित्वा गोलोकके कल्पं पुनर्वैकुण्ठमाव्रजेत् ॥४७

जो मनुष्य वेद जान्ने पुरुषमा शास्त्रोक्त विधिपूर्वक मेरो यस क्षेत्रमा गाई दान दिन्छ त्यो कल्पभर गोलोकमा रहि फेरि वैकुण्ठमा जान्छ।

मत्क्षेत्रे यो नरो दद्याद्वस्त्रं धान्यञ्च प्राणिने
अक्षय्यं लभते पुण्यं विष्णुलोके महीयते ॥४८॥

जो मनुष्य मेरो यस क्षेत्रमा प्राणीलाई अन्न तथा वस्त्र दान गर्दछ त्यो कहिल्यै नाश न हुने अक्षय्य पुण्य प्राप्त गरेर विष्णुलोकमा गई वास वस्तछ।

मत्क्षेत्रे यो नरो धीमान् महादानानि दास्यति।
स्थित्वा स्वर्गेषु कल्पान्ते चक्रवर्ती भवेत्क्षितौ॥४९

जो बुद्धिमान् मनुष्य यो मेरो हरिहरक्षेत्रमा जमीन

घर आदि महादानहरू दिन्छ त्यो मनुष्य कल्पको अन्त तक स्वर्गमा बसेर फेरि पृथ्वीमा चक्रवर्ती राजा हुन्छ।

तुलापुरुषदानञ्च गोदानं कनकाचलम्।
भूमिदानञ्च यज्ञेषु राजसूयादिकेषु च ॥५०॥
कृत्वादानान्यनेकानि विष्णुलोकयमाप्नुयात्।
महाव्रतं च यः कुर्यान्मम क्षेत्रे च भो सुराः ॥५१॥

तुला-पुरुष-दान सयौं गाईदान पर्वत समान सुवर्ण दान र राजसूय आदि यज्ञहरूमा भूमि आदिको पनि दान। हे देवता! यस्ता प्रकारले मेरो यो हरिहर-क्षेत्रमा अनेकौं दानहरू गरिकन जो महाव्रत समेत गर्दछ त्यो पुरुष विष्णु भगवान्को सालोक्य प्राप्त गर्दछ।

द्विपरार्द्धं वसत्येषु स्थित्वा च ब्रह्मणोऽन्तिके।
पुनःऋषित्वं प्राप्य कृत्वा कर्माणि कोटिशः ॥५२
वेदोक्तविधिमार्गेण विष्णुसामीप्यमाप्नुयात्।
महत्तपश्च यः कुर्यान्मम क्षेत्रे च भो सुराः ॥५३॥

हे देवता हो! मेरो क्षेत्र देघाटमा वेदविधिले कोटि कर्महरू गरिकन फेरि ठूलो तप पनि गर्दछ भने द्विपरार्धका अन्त सम्म ब्रह्माजीका नजीकै रहेर

फेरि सप्तऋषि भैकन वेदविहित मार्गले विष्णु-सामीप्य प्राप्त गर्दछ । फेरि पनि–

असङ्ख्यकालपर्यन्तं स्थित्वा च ध्रुवमण्डलम्।
ध्रुवेण धर्मणा सिद्धो विष्णुसामीप्यमाप्नुयात्

असंख्य कालसम्म सप्तर्षि भएर ध्रुवमण्डलमा रहिकन फेरि त्यसै ध्रुवका धर्मले सिद्ध भएर विष्णुभगवान्को अटल सामीप्य मोक्ष पाउंदछ। ॥५४॥

महायोगश्च यः कुर्याद्देवघट्टे च भो सुराः।
अव्याहतगतिः सिद्धः कामरूपो विमत्सरः ।५५

हे देवता हो! जो मनुष्य यो देवघाटमा महायोग गर्दछ त्यस मनुष्यको सिद्धि वशिष्ठ ऋषिका झैं कामरूप यथा इच्छित उपद्रवले रहित अव्याहतगति सिद्ध हुन्छ।

ब्रह्माण्डानेकपद्मेषु षट्पदः पदवर्जितः ।
ब्रह्मैकरसमार्गेण विष्णुसायुज्यमाप्नुयात् । ५६

अनन्त कोटि ब्रह्माण्डरूपी कमलहरूमा षट्पद (स्वेदज,[१] अण्डज,[२] जरायुज,[३] उद्भीज,[४] स्थावर,[५] जंगम-रूप[६] षट्पद) भ्रमराको जन्मरूप पदले रहित जीव चैतन्य तत्पद ब्रह्म-रसका एक मार्गले विष्णु भगवान्को सायुज्यकन प्राप्तगर्दछ ।

मरणाज्जननं नैव काश्यां वै शिवसद्मनि ।
जननाज्जननं नैव गण्डक्यां मम वेश्मनि ॥५७॥

यो कुरा सत्य छ काशीक्षेत्र शिवजीको घरमा मरण हुनाले जन्म हुंदैन किन्तु मेरो स्वरूप हरिहर-क्षेत्र देवघाट गण्डकीमा जन्मेर पनि फेरि जन्म हुंदैन। सोचहुन्छ (यस्तो मेरो आज्ञा छ)।

गण्डक्यां पतते यस्य शरीरं पाञ्चभौतिकम् ।
तस्य स्वर्गे सदैवजन्म यत्र मृत्युभयं नहि ॥५८

जसको पाञ्चभौतिक शरीर गण्डकीमा पर्दछ । त्यसको जन्म स्वर्गमा हुन्छ। जहाँ मृत्युको डर छैन। अर्थात् स्वर्गमा अमर भएर रहन्छ।

शालग्रामशिलारूपं पार्थिवांशं न संशयः ।
शालग्रामिजलैकत्वं जायते शाम्बरांशकम् ॥५९

शालग्राम शिलाको जो रूप हो त्यो पार्थिव अंश हो। शालग्रामयुक्त जलमा जसको पाञ्चभौतिक शरीर पर्दछ त्यो शाम्बरांश शिवस्वरूपको अंश हुन्छ यसमा सन्देह छैन।

(छ प्रकारको जन्म)

तैजसं तेजसां राशौ योगं प्राप्नोति निश्चितम् ।
शैशुमारे महाचक्रे प्राणसङ्गं तथैव च ॥६०॥

पहिले प्राणहरूको समुदाय सुक्ष्म शरीर हो जसलाई लिङ्गशरीर पनि भन्दछन् । त्यस शरीरको भोक्ता अभिमानी तेजहरूको राशि तैजस[१] योग हुन्छ । यो कुरा सत्य नै छ र फेरि त्यो तैजस शैशुमार[२] चक्र (बालचक्र) बन्दछ, त्यस्तै प्रकारले त्यो शैशुमार चक्र महाचक्रमा[३] लीन हुन्छ ।

लियदंशं महाकाशे तथैवात्मा परात्मनि ।
इत्थं च षड्विधं जन्म जायते चापुनर्भवम् ॥६१॥

त्यो महाचक्र आकाशको अंश हो । त्यो आकाशको अंश महा आकाशमा[४] लीन हुन्छ । त्यस पछि महाकाश आत्मामा[५] लीन हुन्छ । त्यस्तै प्रकारले आत्मा परमात्मामा[६] लीन हुन्छ । यसरी अपुनर्भवम् फेरि आमाको गर्भमा दश मैना सम्मको दुःख भोग्न नपर्ने ६ प्रकारको जन्म-हुन्छ अर्थात् उपरोक्त क्रमले मोक्ष हुन्छ ।

त्रिवेण्यां मरणान्मुक्तिर्देवघट्टे च कर्मभिः ।
योगेन मुक्तिक्षेत्रे स्यात् सर्वथा गण्डकीजले ॥६२

त्रिवेणीमा मर्नाले, देवघाटमा कर्म गर्नाले र मुक्तिक्षेत्रमा योग गर्नाले मुक्ति मिल्दछ । गण्डकीको जलमा भने जे गरे पनि मुक्ति मिल्दछ ।

श्रीवराह उवाच

इत्युक्त्वा तान् वरं तेभ्यो दत्त्वा चान्तर्दधे हरिः।
ब्रह्मादयोऽपि ज्ञात्वेत्थं नदीनां परमां नदीम्॥६३

श्रीवराह भगवान् भन्नुहुन्छ, हे पृथ्वि! यसरी भगवान् हरिले यी वरदान ती देवताहरूलाई दिएर त्यही स्थलमा अन्तर्ध्यान पनि हुनु भयो। अनि ब्रह्मादि तेतिस कोटि देवताले पनि यसरी नदीहरूमा सर्वश्रेष्ट नारायणी नदीनै ठूली रहिछन् भनिकन जाने।

क्षेत्राणां परम-क्षेत्रे कृत्वा योगादिकाः क्रियाः।
क्षेत्रप्रभावात्ते सर्वे लेभिरे वाञ्छितं फलम्॥६४॥

ती देवताहरूले पनि क्षेत्रहरूमा सबै भन्दा उत्तम यो हरिहरक्षेत्र देवघाटमा योग आदि गरिएका अनेकौं क्रियाहरू गरेर त्यस क्षेत्रका प्रभावले ती सबैले इच्छानुसारको फल पाए।

जग्मुर्ब्रह्मादयो देवा भक्त्या लब्धपदादिभिः।
खगोलेषु खगाः सर्वे शैशुमारे ध्रुवादयः॥६५

ती सबै देवताहरूले भक्तिपूर्वक तत् तत् पदद्वारा मुक्त भएर सम्पूर्ण शैशुमार ध्रुव आदि अटल मार्गले ती पदहरू पाए अर्थात् उपरोक्त एकषष्ठी श्लोकमा बताए अनुसार शैशुमार–तैजस–आकाश–महाकाश–आत्मा –परमात्मामा (शैशुमार चक्रका) क्रमले पुग्दा भए।

अर्थात् यस श्लोकबाट यो कुरा बुझिन्छ कि तौ सकल देवताहरू महायोगद्वारा पूर्णब्रह्मको स्वरूपमा लीन भए, साकार बाट निराकार निर्गुण ब्रह्म भए । सगुण बाटै —

आग्नीध्रप्रमुखाः सर्वे द्वीपेषु च ममाज्ञया ।
पातालेषु तथा शेषादयो दैत्याश्च वै ययुः ॥६६॥

हे पृथ्वि ! मेरा आज्ञाले सबै द्वीपहरूमा रहने भएका आग्नीध्रप्रमुख ब्रह्मर्षिहरू र राजर्षिहरू तथा पातालवासी शेष आदि नागहरू र प्रह्लाद आदि दैत्यहरू पनि आआफ्ना द्वीपहरूमा र पातालमा गए ।

इत्थमादिप्रयागाख्यमादिभूतं मम प्रियम् ।
भुक्तिमुक्तिप्रदं नृणां मम सायुज्यदायकम् ॥६७

यसरी मेरो अतिशय प्यारो सृष्टिको पनि आदि-कालमा भएको हुनाले तीर्थहरूको राजा प्रयागराज तीर्थ त्यो प्रयागराज तीर्थको पनि आदिप्रयाग हुन गएकाले (यो देवघाट) आदिप्रयाग भन्ने नाम-ले प्रसिद्ध छ र मनुष्यहरूलाई यस लोकमा भुक्ति र पर लोकमा मुक्ति दिइकन मेरो सायुज्य मोक्ष प्राप्त गराउंदछ ।

देवघट्टे मृता ये च जन्तवः कालचोदिताः ।
चतुर्भुजाः स्युर्वैकुण्ठे ते पीताम्बरधारिणः ॥६८॥

जुन जुन प्राणीहरू कालले प्रेरित भैकन देवघाट-मा गएर मर्दछन् ती प्राणीहरू पीताम्बर-वस्त्र र (चतुर्भुज) चारहातमा शंख, चक्र, गदा, पद्मले शोभायमान भै वैकुण्ठमा जान्छन् ।

मज्जन्ति सर्वपापानि बहुजन्मार्जितान्यपि ।
प्रयागनामश्रवणात् क्षीयते सर्वकल्मषम् ॥६९॥

धेरै जन्मदेखि कमाइएका विषयवासनाले बनेका अनेक प्रकारको पापहरू हरिहरक्षेत्र आदिप्रयाग देवघाट नारायणीको माहात्म्य श्रद्धा–भक्ति–पूर्वक सुन्नाले मात्रै पनि नाश हुन्छ र त्यो श्रवण गर्ने पुरुष पापरहित शुद्ध-चित्त–वाला हुन्छ ।

ये च निर्मत्सराः शान्ता निर्ममा मत्परा धरे ।
दृष्टश्रुताभ्यामन्यत्र योगिनो मत्पदे गताः॥७०॥

हे धरे ! पृथ्वि ! त्यस्ता पाप नाश भै शुद्धचित्त भए-का म भगवान् नारायण- (हरिहर) मा चित अर्पण गरेका, मायाको उपाधि अहंकार अभिमान र घमण्डरूप उपद्रवले रहित शान्त- स्वरूप भैकन श्रवण, मनन र निदिध्यासन गरेर अरु पनि धेरै योगीहरूले शास्त्र र श्रुति-(वेद) बाट अतीत मेरो परमपद पाए ।

महिम्नो देवघट्टस्य यः [illegible]।
स लभेदीप्सितं सर्वं हरिसायुज्यमाप्नुयात्॥

जो मनुष्य देवघाटको माहात्म्य पाठ गर्दछ अथवा सुन्दछ मात्रै भने, पनि त्यो मनुष्य इच्छा गरे अनुसारको फल यस लोकमा पाएर अन्तमा [illegible]वान् नारायण हरिको सायुज्य मुक्ति पाउंदछ। अर्थात् यस लोकमा धन-धान्यको सुख भोगेर पछि मोक्ष गति प्राप्त गर्दछ। यसमा सन्देह छैन ।७१।

इति श्रीस्कन्द-पुराणान्तर्गत-हिमवत्खण्डे
परिशिष्ट-भागे धरणी—वराह-
सम्वादे सप्तम अध्याय : ।
समाप्त : ।

Q2:41
SHA
2020.B.S

वाल्मीकिविद्यापीठपुस्तकालयः

प्रत्यावर्तनतिथिः